प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४-४२०११३
फ्याक्स नं : ०६४-४२१५९४
Email:akcgorkha@gmail.com

पत्र संख्या: ०७७/७८

सूचना नं: २१

## सूचना! सूचना!! सूचना !!

(प्रथम पटक प्रकाशित मिति:२०७७/०६/२८)

कृषि ज्ञान केन्द्र गोरखाको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार फलफुल, तरकारी तथा नगदेवाली बिरुवा नर्सरी/श्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम संचालनका लागि अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ गोरखा जिल्ला भित्रका कृषि फर्म तथा कम्पनी, कृषि सँग सम्बन्धित कृषक समूह तथा कृषि सहकारीहरुले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु तथा निवेदन कृषि ज्ञान केन्द्र, गोरखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | लक्ष (संख्या) | कैफियत |
|---|---|---|---|---|
| १ | फलफुल, तरकारी तथा नगदेवाली बिरुवा नर्सरी/श्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम (पक्कि ग्रिनहाउस तथा पोलिटनेल निर्माण, नर्सरी बेन्च तयारी र मलखाद व्यवसयापन, बीउ/सायन/रुटस्टक बीउ खरीद) | • स्वीकृत बजेटको परिधिमा रही कूल लागतको बढीमा ५० प्रतिशत सम्म। | २ | • सिफारीस गरिएको बीउ /रुटस्टक/माउबोटको सायन प्रयोग गरी सम्बन्धी प्राविधकको निगरानीमा स्वस्थ विरुवा/वेर्ना उत्पादन गर्नुपर्नेछ।<br>• ग्रिनहाउस/ग्लासहाउस/प्लाष्टिक घर बनाईएको क्षेत्रफल न्युनतम २५० वर्गमिटर हुनुपर्ने।<br>• ग्रिनहाउस, पोलिटनेल, हार्डनिङ्ग च्याम्बर भित्र पारदर्शि वस्तुले ढाकेको र घर भित्र न्यूनतम आंशिक रुपमै नियन्त्रित वातावरण भएको डवल डोर सिस्टम हुनुपर्नेछ।<br>• नर्सरी घरमा न्यूनतम २००० बहुबर्षे फलफुल विरुवा र सेल ट्रे वा प्लाष्टिक ट्रे पोलिप्याक र खुल्ला अवस्थाको हकमा न्यूनतम २०००० मौसमी तरकारी विरुवा/वेर्ना उत्पादन गर्नुपर्नेछ।<br>• नर्सरीधनीले उत्पादित बिरुवा वितरण पूर्व अनुमति लिनुपर्नेछ र वार्षिक विक्रियोग्य उत्पादन तथा विक्रि परिमाणको अभिलेख राख्नुपर्नेछ।<br>• सुन्तलाजात फलफुलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिस्टिजा भाईरस मुक्त विरुवा उत्पादन गर्नको लागि १००० मि भन्दा माथिको स्थान साथै स्क्रिनहाउस भित्र उत्पादन भएको हुनुपर्नेछ। |

आवश्यक कागजातहरु:

- कृषि फर्म तथा कम्पनी/समुह/सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
- PAN /कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- स्थानीय तहको सिफारिस
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- समुह/सहकारीको हकमा गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन तथा कार्य समितिको निर्णयको प्रतिलिपि।
- कार्यक्रम संचालन गर्ने जग्गाको जग्गाधनीको पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिइ कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि करार सम्झौता गरेको प्रमाणको प्रतिलिपि।

थप जानकारीको तथा सम्पर्कको लागि
फोन न:०६४-४२०११३
ईमेल: akcgorkha@gmail.com
वेवसाइट: www.gorkha.akc.gov.np

सम्पर्क अधिकृत:
श्री भवनाथ देवकोटा
स.नं.: ९८४६५७८६८४

मनिता थापा
मनिता थापा
प्रमुख

Scanned with CamScanner